आज मिति २०८३ साल असार १९ गते शुक्रबार विहान ०९:०० वजे रोयल कुश्मा रिसोर्टको सभाहलमा पर्वत जिल्लाको आठौं जिल्ला सभा जिल्ला समन्वय समिति पर्वतका प्रमुख श्री विष्णुराम वि.क. ज्यूको अध्यक्षतामा देहायका पदाधिकारीहरुको उपस्थितिमा वसी निम्न विषयहरुमा निर्णय गरियो ।

उपस्थिति :-

जिल्ला सभा अध्यक्ष - जिल्ला समन्वय समिति प्रमुख श्री विष्णुराम वि.क.

जिल्ला सभा सदस्य - फलेवास नगरपालिका प्रमुख श्री गंगाधर तिवारी

जिल्ला सभा सदस्य - कुश्मा नगरपालिका प्रमुख श्री रामचन्द्र जोशी

जिल्ला सभा सदस्य - जिल्ला समन्वय समिति उपप्रमुख श्री सोम बहादुर जि.सी

जिल्ला सभा सदस्य - महाशिला गाउँपालिका अध्यक्ष श्री इश्वरी प्रसाद भुसाल

जिल्ला सभा सदस्य - पैयूं गाउँपालिका अध्यक्ष श्री तोरण मल्ल ठकुरी

जिल्ला सभा सदस्य - विहादी गाउँपालिका अध्यक्ष श्री परविन गुरुङ

जिल्ला सभा सदस्य - जलजला गाउँपालिका अध्यक्ष श्री राजु प्रसाद आचार्य

जिल्ला सभा सदस्य - मोदी गाउँपालिका अध्यक्ष श्री हिरा देवी शर्मा

जिल्ला सभा सदस्य - फलेवास नगरपालिका उप-प्रमुख श्री शोभा कुमारी क्षेत्री

जिल्ला सभा सदस्य - कुश्मा नगरपालिका उप-प्रमुख श्री स्वस्थानी रिजाल

जिल्ला सभा सदस्य - जलजला गाउँपालिका उपाध्यक्ष श्री दिपक आचार्य

जिल्ला सभा सदस्य - महाशिला गाउँपालिका उपाध्यक्ष श्री धनसुबा वि.क.

जिल्ला सभा सदस्य - मोदी गाउँपालिका उपाध्यक्ष श्री विमल लामिछाने

जिल्ला सभा सदस्य - विहादी गाउँपालिका उपाध्यक्ष श्री मीना शर्मा तिवारी

जिल्ला सभा सदस्य - पैयू गाउँपालिका उपाध्यक्ष श्री यामकुमारी राना

जिल्ला सभा सचिव - जिल्ला समन्वय अधिकारी श्री बद्री प्रसाद तिवारी

## जिल्ला समन्वय समिति, पर्वतको आठौं जिल्ला सभावाट भएका निर्णयहरु

१. नेपालको लोकतान्त्रिक गणतन्त्र नेपालको स्थापनाको लागि आफ्नो जिवनको उत्सर्ग गर्ने सम्पुर्ण ज्ञात अज्ञात शहिदहरु प्रति श्रद्धासुमन ब्यक्त गर्ने ।

२. नेपालको संविधान र स्थानीय सरकार संचालन ऐन २०७४ ले दिएको अधिकार प्रयोगगरी जिल्ला समन्वय समितिलाई मुलभुत रुपमा संघ, प्रदेश र स्थानीय सरकारवाट संचालित बिकास योजना र अन्य कार्यक्रमको अगामी आ.व. २०८३/०८४ मा थप प्रभावकारी रुपमा अनुगमन गर्ने ।

३. जिल्ला समन्वय समिति पर्वतले चालु आ.व. २०८२/०८३ मा हालसम्म गरेका निर्णय एवं खर्चहरुको अनुमोदन गर्ने ।

४. जिल्ला भित्र सञ्चालित राष्ट्रिय गौरवका आयोजना लगायत अन्य राष्ट्रिय प्रकृतिका आयोजनाहरुको संचालनमा सहजिकरण र समन्वय गर्ने ।

५. जिल्ला भित्र सञ्चालित गैरसरकारी संस्था तथा निजी क्षेत्रको लगानी र साझेदारीलाई जिल्लाको वृहत्तर हितमा परिचालन गर्ने ।

६. जिल्लाका कुशमा र फलेवास नगरपालिका सहित जलजला, मोदी, महाशिला, पैंयूँ र विहादी गाउँपालिकाबीच साझा चासोका विषयमा निरन्तर 'अन्तर-स्थानीय तह संवाद' आयोजना गर्ने र असल अभ्यासको आदानप्रदान कार्यक्रमलाई निरन्तरता दिने ।

७. जिल्लाका सबै स्थानीयतहहरुले आफ्नो पालिका भित्र दुर्गम र सुगम क्षेत्रहरूबीच विकासको सन्तुलन मिलाउन योजना छनोट र कार्यान्वयनमा प्रथामिकता राख्नको आवश्यक लागि सहजिकरण गर्ने ।

८. स्थानीय तहका जनप्रतिनिधि र कर्मचारीहरूको कार्यक्षमता विकासका लागि क्षमता अभिवृद्धि सम्वन्धी कार्यक्रम प्रदेश सरकार र गण्डकी प्रदेश सुशासन केन्द्रसँगको समन्वयमा क्षमता विकासका कार्यक्रमहरू सञ्चालन गर्न समन्वय गरिने छ ।

९. "पर्वत एक पर्यटकीय गन्तव्य" बन्जी जम्प, केबलकार (यान्त्रिक पुल), अग्ला र लामा झोलुङ्गे पुलहरू, कालान्जर पर्वत हम्पाल, फलेमाडाडा, कोखेडाडा, भमरकोट, दुर्लुङ्गकोट, बाटुलेचौर, पैंयुकोट, गुसेश्वर र अल्पेश्वर गुफा, पार्वती गुफा, सहश्रधारा तथा महाशिला, सेतिबेनी, मोदीबेनी, पंचासे, डहरेदेउराली,पार्वती मन्दिर (मोदी) सहित बिभिन्न होमस्टे जस्ता पर्यटकीय क्षेत्रहरूको एकिकृत प्रवर्द्धनका लागि स्थानीय तहहरूसँग समन्वय गरी साविकको जिल्ला विकास समितिवाट निर्माण गरिएको गुरुयोजनालाई आधार मानी "पर्वत पर्यटन गुरुयोजना" निर्माणमा सहजिकरण गर्ने ।

विष्णुराम वि.क.
प्रमुख

विष्णुराम वि.क.
प्रमुख

जिल्ला समन्वय समिति
पर्वत

१०. जिल्ला भित्र रहेका नदिजन्य तथा खानीजन्य पदार्थको स्रोतहरुमा सम्वन्धित स्थानीय तहहरुलाई सरकारले तोकेको मापदण्ड अनुसार ठेक्का व्यवस्था गर्न कानुन बमोजिम राजश्व प्राप्ति गर्न प्रोत्साहित गर्ने ।

११. कालीगण्डकी नदी र यसको जलाधार क्षेत्रमा पर्यावरण संरक्षणका लागि कालीगण्डकी नदीको अनियन्त्रित दोहन रोक्न र पर्यावरणमैत्री उत्खनन सुनिश्चित गर्न बाग्लुङ्ग जिल्लासंग समन्वय गरी काली गण्डकीको स्वच्छता र प्राकृतिक सौन्दर्यतालाई कायम राखिरहन समन्वय गर्ने ।

१२. जिल्लामा मनसुनी बर्षा लगायत अन्य प्राकृतिक प्रकोप वाट हुने घटना घट्न नदिन साथै विपद्‌वाट हुने घटनाहरुको व्यवस्थापन, उद्धार, राहत र पुनःस्थापनाको लागि पूर्वतयारी गर्ने, सोको लागि आवश्यक सामाग्री र बजेट व्यवस्थापन गर्न स्थानीय तहहरुलाई अनुरोध गर्ने ।

१३. ग्रामीण क्षेत्रमा उत्पादित सुन्तला, अलैंची, कफी र तरकारीलाई बजारसम्म पुऱ्याउन कतिपय स्थानीय तहहरूद्वारा सञ्चालित 'कृषि एम्बुलेन्स' सेवामा अन्य पालिकाहरुमा समेत सञ्चालन गर्ने गरि एकरूपता र समन्वय गर्ने ।

१४. जवाफदेहिता र सुशासन कायम गर्न स्थानीय तहहरूमा वित्तीय अनुशासन कायम गर्न र बेरुजू न्यूनीकरणका लागि आन्तरिक लेखापरीक्षण र समीक्षा बैठकहरूलाई प्रभावकारी बनाउन समन्वय गर्ने ।

१५. जिल्ला समन्वय समितिले सम्पादन गरेका कार्यको सम्बन्धमा वर्षमा कम्तीमा एक पटक सार्वजनिक सुनुवाइ एवं संचारकर्मीहरुसंग अन्तरक्रिया आयोजना गर्ने ।

१६. जिल्ला भित्रका स्थानीयतहका योजना र सेवा प्रवाहको नियमित एवं निष्पक्ष प्राविधिक अनुगमन गरी वित्तीय अनुशासन कायम गर्दै सुशासन कायम गर्न आवश्यक समन्वय र सहजिकरण गर्ने ।

१७. यस आठौं जिल्ला सभाका अध्यक्ष श्री विष्णुराम वि.क. द्वारा प्रस्तुत आ.व. २०८३/०८४ को नीति तथा कार्यक्रम संसोधन सहित सर्वसम्मत स्वीकृत गर्ने ।

विष्णुराम वि.क.
प्रमुख